# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

### २०७७/१२/०९

### सातौं अधिवेशन

### (एघारौं बैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको सातौं अधिवेशनको एघारौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, **"दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई **"दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदयमाथि २०७७ ,दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेधो विधेयक , सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ बमोजिम सामान्य छलफल गरियोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद

**माननीय सदस्यहरु,**

अब म **"द्दण्ठठ ,दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"**माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले भन्नुहोला "हुन्न" ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"द्दण्ठठ ,दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

अब, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ५ मिनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय बलदेव रेग्मी लाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेधो विधेयक, २०७७ यस सभामा प्रस्तुत भएको छ सर्वप्रथम म सम्बन्धीत मन्त्रालयलाई हार्दिक धन्यवाद दिन चाहान्छु देशकै र त्यसमा पनि हाम्रो सुदूरपश्चिम प्रदेशमा जो जातिय लामो समय सम्म रहेको जातिय विभेदको अन्त्यका लागि र विभिन्न समयमा मौलिक अधिकार, मानव अधिकार, राज्यका विभिन्न विधामा बेला बेलामा आएका संविधानमा पनि यो दलित सम्बन्धी दलितलाई सशक्तिकरण सम्बन्धी दलितलाई राज्यको मुल प्रवाहमा ल्याउने सम्बन्धमा धेरै नीति नियम पारित भएता पनि त्यसले खास मूर्त रुप लिन नसकेको अवस्थामा हाम्रो प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले ढीलै भए पनि यो विधेयक टेबुल गरेको छ, पेश गरेको छ छलफलका लागि यसले धेरै कुरालाई समेटेको छ र लामो समयसम्म भएका विभेदहरुलाई जुन जातिय विभेद, जुन यो दलित भित्र पनि एकखालको पछाडी परेको समुदायलाई पनि माथि उठाउन नसकेको अवस्थामा अहिले विभिन्न बुदाहरुमा आयोग बनाउने सन्दर्भमा, दलितलाई सशक्तिकरण सम्बन्धमा त्यस क्षेत्रका दक्ष जनशक्तिलाई राज्यको मुल प्रवाहमा र राजनीतिमा पहुँचमा आउन सक्नका लागि यो विधेयकले महत्वपूर्ण योगदान दिने छ । यो विधेयक मार्फत जो पछाडि परेको समुदाय छ जो अहिले सम्म राज्यबाट विभिन्न बहानामा विभिन्न सामाजिक विभेदले गर्दा पछाडी पर्नु परेको अवस्था थियो । क्षमता हुदा हुदै पनि एउटा अवसर नभएर राज्यले सही समयमा सम्बन्धीत पक्षलाई समेट्न नसक्दा जुन खालको एउटा समस्या भएको छ त्यो समस्यालाई अब यो विधेयकले सम्बोधन गर्ने छ भन्ने मलाई विश्वास लागेको छ मैले यो विधेयक धेरै पढे यसमा धेरै महत्वपूर्ण कुराहरु समेटीएका छन् र केही बाँकी रहेका कुराहरु पनि सदनमा छलफल हुने छ सम्बन्धीत विषयगत समितिमा पनि छलफल भएर यसलाई मुर्त रुप दिएर छिटो भन्दा छिटो यो विधेयक पारित भएर कार्यान्वयनमा जाने छ र यो क्षेत्रमा भएको जुन समस्या छ जातगत समस्या जुन एउटा सामाजिक भेदभावको समस्या छ त्यो अन्त गर्नका लागि महत्वपूर्ण योगदान गर्ने छ भन्ने आसा एवं भरोसा राख्दै मेरो भनाई यही अन्त्य गर्छु हवस धन्यवाद

**माननीय देवराज पाठक**

माननीय सभामुख महोदय, मैले यसमा बोल्ने पनि गर्या थिए धर्मशास्त्र यो पीडित समुदायको विषयमा मैले बोल्न चाहेको थिए आज म त्यसै पनि संसदमा कम बोल्छु र सभामुख महोदय सँग मलाई यो समसामयिक उसमा पनि बोल्नको लागि विशेष समय दिइयोस धेरै चाहि बोल्दैन त्यही भएर म यसलाई चाहि सति युगबाटै म यसलाई उ गर्छु समय कम छ हुन त धर्मशास्त्रको विषयमा दलितको विषयमा ३ घन्टा सम्म कुनै पइन्ट नोट नगरेर पनि बोल्न सक्छु तर के गर्ने समय १०-१५ मिनेटको सुन्या थिए

त्यही भएर नाम लेखाएको थिए तर ५ मिनेटको छोटकरीमा मैले यहा प्रस्तुत गर्नु पर्ने कारण देखियो । सतियुगमा बर्माजी कै सृष्टी सबै तर त्यहा त कही बर्माजीले सृष्टीको रचना गर्दा त्यहा त कही लेख्या छैन यो दलित यो भनेर कहि पनि छैन त्यसै उसले म यसलाई छोटकरीमा लैजान्छु । अब म त्रेतायुगतिर जान्छु त्रेतायुगमा मर्यादापर्षोतम रामले भेदभाव गरेको त कतै पनि पाएन सबैको दलित समुदायकै थिए उनको जुठो खाएको उदाहरण पनि हाम्रो सास्त्रमा छ । पाच बेद हुन तर एक बेदको लोप भएर चार बेद चाहि छन् । चार बेदमा कही पनि छैन मेरा पुज्य पुवा पण्डित पनि थिए ज्योतिषशास्त्र पनि थिए उनीबाट मैले केही ज्ञान प्राप्त गरेको थिए यतातिर त्रेताको कुरा मैले भने अब के भने धोवीले रामको रावणले राखेकी भनेर चाहि उ गरेको कुरामा सीता जीको त्याग गर्दा बाल्मीकि आश्रममा त्यही लवकुस जन्मिए बाल्मीकी ऋषि के हुन त दलित नै हुन भने कहि कतै भेटिदैन दुवापरमा आउदा यस्तो किसिमको पनि भगवान कृष्णको उसमा पनि दलितलाई उपेक्षित गरेको कहि पनि पाइदैन सम्मानै भगवानले पनि सम्मान गरेको उसमा आज यो कलियुगमा आएर यसलाई चाहि छुवाछुतको उसमा यसलाई चाहील्याइयो हाम्रो धर्मशास्त्रमा त पशुको पनि हामी पुजा गर्छौं । मानवको हामी छुवाछुत गर्ने कहाको यो न्यायसम्मत हो हामीले त हाम्रो पार्टीले नेपाली कांग्रेसले समावेशी सिद्धान्त अपनाएको छ । कानून त पञ्चायतकाल देखि बनेको छ यस विषयको कि छुवाछुतको अन्त भन्ने किसमको कानून बन्यो तर कार्यान्वयनमा यो लागु भएन यसलाई अब कार्यान्वयन गर्नु पर्ने अवस्था आयो हामी दलित समुदायका मान्छेलाई हामी फुल्ली कोअपरेसन हुनु पर्छ यो किसिममा हिन्दु धर्मा शास्त्रहरुमा त नारीहरुको पनि महिलाहरुको सम्मान त सीताराम भनेको छ, राधाकृष्ण भनेको छ महिला जातिलाई पनि उच्चतम स्थान दिएको छ भने अब दलितले बनाएको मन्दीरमा आलम चढ्ने सबै कुरा उ हुने उनीहरुले दमाउ बजायो भने त्यो सगुन हुने उनीहरुको शुरुवात सगुन माननीने त्यही भएर आज अपेक्षित छ किन कुनै अरु जातिले दलितको छोरीलाई उ गर्यो भने उसलाई केही नहुने दलितको अरु जाति सँग माया प्रेम हुन गयो भने यही चाहि उदाहरण छ बाके बर्दियाको दलित सँग लव पर्यो भनेर उसलाई चाहि मार्न विवस गराईयो त्यसैले म यहा के आग्रह गर्न चाहान्छु भने यि कुराहरुलाई अब समाजमा हाम्रो हिन्दुधर्ममा यहा त छैन तर यो सामाजिक उसमा के हो भने यो कसले गरायो त यो पाखण्डिहरुले विगतका राजा रजौटाहरुले हामी पनि इण्डियाबाट आउदा हाम्रो जोशी थर थियो रे डोटी राजाले पाठक पाठ गर्नमा निपूर्ण भएको नाताले हामीलाई पाठक बनाईदिए पहिले त पछि समय सापेक्ष चाहि त्यो हुन गयो त्यो उसले सबै यो अर्थहीन कुरा हुन त्यसैले यो अरु धर्ममा कही पनि छैन जातिय भेदभावना कही पनि छैन हाम्रो धर्ममा पनि छैन तर यो चाहि गरियो यसलाई चाहि हामीले हटाउनु पर्छ यसमा हामी सबैले सहयोग गर्नु पर्छ । कानून मात्रै बनाएर केही हुदैन कानूननैले मात्रै केही हुदैन उनीहरुलाई हामीले सहयोग गर्नु र यसमा मानवको यसलाई यो भेदभावना गर्ने परिपाटी चाही हुनु हुदैन यसको यथाशिघ्र यस किसिममा उहाहरुलाई हामीले सहयोग गर्नु पर्छ पहल गर्नु पर्छ र यसलाई चाहि हामीले यसो किसिममा हामीले सबै यो कु प्रथालाई कुसिष्टमलाई हामीले मानवको दृष्टिकोणले हेर्नु पर्छ हामी त पशुको पनि पुजा गर्छौं भने मानव मानव देखि घृणा म शुरु देखि नै इण्डिया अध्ययन गरे यहा त्यो बेला क्याम्पस थिएन ६० को दशकमा क्याम्पस थिएन म इण्डिया पढे त्यहा पनि त्यस्तै थियो तर त्यो पछि पछि गर त्यो हट्यो भेदभावना त्यसै गरी हामीले चाहि यसलाई हटाउनु पर्छ त्यसमा पार्टीको हिसाबले म

आफ्नो प्रसनल हिसाबले सहयोग गर्न तयार छु अब यहा पहेलो बत्ती पनि बलिसक्यो भन्ने कुराहरु पनि धेरै थिए सदनको सम्मान पनि गर्नै पर्यो ५ मिनेटको टाइम थियो त्यही उसमा म आफ्ना दुइ शब्द टुङ्ग्याउदै विदा हुन्छु धन्यवाद ।

**माननीय शान्ति नेपाली**

माननीय सभामुख महोदय, हिजो ८ मार्च ५६औ जातिय उन्मुलन दिवसको उपलक्ष्यमा सर्वप्रथम यहाहरु सम्पूर्णमा र सुदूरपश्चिम वासि समुदायमा र सम्पूर्णमा जातिय विभेद उन्मुलन दिवसको उपलक्ष्यमा शुभकामना व्यक्त गर्न चाहान्छु । यसै गरी आज पानी दिवस पनि हो विश्व पानी दिवस पनि हो पानी विनाको संसार पनि चल्दैन यसमा पनि म शुभकामना व्यक्त गर्न चाहान्छु । त्यसपछि हामी अहिले २१औ सताब्दीमा प्रवेश गरेका छौ हामी देश गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशी सिद्धान्तका आधारमा हाम्रो देश संचालन भैराखेको छ कि मलाई लाग्दछ कि हामीले प्रदेश सरकारले सुदूरपश्चिम प्रदेशले पनि जसरी आज सदियौ देखी हामी जातिय विभेद गर्दै आइराखेका थियौ । सदियौ देखि गर्दै आइरहेका थियौ नीतिगत हिसाबले त २०२० सालमा पनि हामीले कागजका हिसाबले धेरै कुरा परिवर्त गरिसकेका थियौ सिद्धान्तका हिसाबले धेरै कुरा हामीले कानून तहमा लेखि सकेका थियौ तर कार्यान्वयनमा जादा कथा र व्यथा व्यवस्था परिवर्तन भए पनि अवस्थामा खडेरी परिरहेको छ । म माननीय सभामुखज्यूको फेरी पनि ध्यान अनुरोध गर्न चाहान्छु । धन्यानाकर्षण गर्न चाहान्छु हामीले संविधान निर्माण गर्यौ विश्वकै उत्कृष्ट संविधानको कुरा गर्यौ त्यसमा पनि संविधानमा पनि हामीले मौलिक हकमा थुप्रै उपधाराहरु, उपदफाहरु राखेर हामीले धारा २४ मा दलित सम्बन्धीको हकको कुरा हामीले गरेका छौ । विभेदका कुरा गर्नुहुन्छ भने माननीय सभामुखज्यू हामी कानूनका हिसावले सार्वजनिक क्षेत्र अथवा नीजि क्षेत्र भित्र पनि विभेद गर्न नपाउने राइट छ नपाइने राइट छ तर विडम्बना धनगढीकै बजारकै राजधानीकै वरिपरिका कुरा गरौ कैलाली कंचनपुर जहा शिक्षाले भरिपूर्ण छ पहाडि जिल्ला भन्दा पहाडका ७ जिल्ला भन्दा एकदमै यो शिक्षित मानिन्छ हामी शिक्षाकै कुरा गरिराखेका छौ । त्यो क्षेत्रमा पनि घर खोज्न जादा परिचय पुरा भनिसकेपछि यि मेरा सबै घरका कोठाहरु भाडामा गैसकेका छन् भन्ने अभिव्यक्ति सार्वजनिक हुन्छ अझ पनि छ त्यो धेरै ठाउँमा त्यसै कारण मलाई लाग्छ शब्दमा भन्दा पनि व्यवहारमा हुन जरुरी छ । नीतिमा भन्दा पनि नियतीमा हुन जरुरी छ परिवर्तनका कुरा गर्दा नीतिका कुरा गर्दा तै पनि स्वागतयोग्य छ यहा सामाजिक मन्त्रालयले ठुलो मेहनत र प्रयासबाट दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक टेबुल भएको छ हामी यो विधेयक माथि छलफलमा उपस्थित भएका छौ त्यसै कारण सिद्धान्त तह हामी मलाई लाग्छ यो २१ वटा दफाहरु रहेका छन् यसमा थुप्रै कुरा विषयगत समितिमा लिएर प्रदेशभरीका दलित विज्ञ, विशेषज्ञ त्यो क्षेत्रमा काम गरेका व्यक्तित्वहरुलाई समावेश गरेर सम्बन्धीत समितिले व्यापक छलफल गरेर दफावार छलफल गर्न जरुरी छ सर्व प्रथम त म त्यो अनुरोध गर्न चाहान्छु । मैले सरसरती अध्ययन गर्दै जादा सर्वप्रथम त मलाई दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेधो विधेयक अन्तरगत सशक्तिकरण मात्रै भनेर भएन दलितका सम्पूर्ण क्षमता विकास गर्ने सन्दर्भमा यो व्यवसायीक कुरालाई अझ गएर त्यसमा यहा शिक्षाका कुरा मात्रै लेखिएको छ यसमा स्वास्थ्यको कुरा पनि अझ अभिन्न अंग हो त्यसको स्वास्थ्यका कुरा अझ थप्नु पर्ने देखिन्छ स्वास्थ्यगत हिसाबले आएकै छैन शिक्षाको हिसाबले आएको छ र जुन

जातिय विभेद छुवाछुत अनुगमन तथा सशक्तिकरण समिति छ यसमा पनि जुन यो समितिमा अलि ठुलो छ साघुरो भए अझ सजिलो हुन्छ थप्ने कुरामा पनि अलि समावेशी बनाउनु पर्यो ठिक छ र हाम्रो स्थानीय जातिय विभेद छुवाछुत अनुगमन समिति जुन गठित भएको छ यसमा कार्यपालिकाले तोकेको भन्ने गरिएको छ यसमा कम्तीमा न्याय समिति अथवा गाउँपालिका नगरपालिकाको अध्यक्ष, उपाध्यक्षज्यूहरु मध्ये जिम्मेवार व्यक्तिबाट यसको अध्यक्ष बनाउनु पर्ने मैले देख्दछु । यसै अन्तरगत सबै भन्दा विभेद हाम्रो स्थानीय तहमा बढी देखिन्छ त्यसै कारणले माननीय सभामुखज्यू प्रहरी प्रशासन तथा त्यो क्षेत्रमा प्रहरी प्रशासनले तोकेको प्रतिनीधि सदस्य थप्नु पर्ने देखिन्छ त्यो क्षेत्रमा अझ बढी दलितका मुद्दाहरु जाने त्यही ढीसमिस हुने तल सम्झौता हुने त्यसले गर्दा पीडितले न्याय नपाउने त्यसले गर्दा समस्या सृजना भएको छ यतातिर केन्द्रीत गर्न जरुरी छ र अर्को ६ को समितिको काम कर्तव्य र अधिकारमा विभेद नगर्ने अथवा बय वृद्ध धामी झाक्रीलाई पनि प्रोत्साहन राख्नु पर्ने देखिन्छ हामी हिन्दुधर्मले विभेद गरेको छ भन्ने कुरा अलि बढी झाक्रीबाट तल गाउँमा बढी म्यासेज गएको देखिन्छ अलि बय वृद्धहरुमा अलि म त केही मान्दीन तर मेरो बुवाले अलि अपठ्यारो मान्नु हुन्छ है भन्ने तर्क पछिल्लो चरण अलि बढी आएको छ त्यसलाई निस्तेज गर्नका लागि ती धामी झाक्रीहरु एकदम बयवृद्धहरु उहाहरु जातिय रुपमा स्पष्ट भएर त्यो समुदायसँग घुलमिल भएर अगाडी बढ्ने व्यक्तिलाई प्रोत्साहन राज्यले प्रदेश सरकारले त्यो व्यवस्था गर्न जरुरी छ यो कुरा थप्न पनि जरुरी छ । अर्को कुरा यहा अलि त्यसै ६ को (घ) मा भनिएको छ समितिको बहुमत अथवा एकतिहाइ सदस्यहरुले उचित कारण खुलाए मात्रै बैठक बोलाउन अनुरोध गर्न सकिने छ अथवा ७ दिन भित्र बस्न सक्नेछ भन्ने छ त्यहा चाहि कहिले काही अस्थि तपाइको जाजरकोटमा भएको जातिय विभेदको घटना जस्तै हुन् सक्छ त्यतीबेला ७ दिन सम्म दलितले कुरेर बस्ने त त्यस्ता सिरियस केसमा त्यहा चाहि १ हप्ता भनेर हामी नतोकौ कि आकस्मिक बैठक राख्न सक्ने अथवा आवश्यकता अनुसारमा बैठक बोलाउन सकिने भन्ने कुरा त्यहा थप्न जरुरी छ अब शिक्षा सम्बन्धीमा ठिक ठिकै छ अझ समितिमा व्यापक छलफल गर्नु पर्ने दिखिन्छ र यो समितिको काम, कर्तव्य र अधिकारकै कुरा गर्दा थुप्रै कुरा यहा लेखिउका छन् क्षमता अभिवृद्धि सुनिश्चितता वृद्धि विकास सबै कुरा लेखिएका छन् दलितहरुको हकमा सबै भन्दा बढी समस्या यसले खडेरी तपाइको स्वरोजगारमा सृजना भएको छ रोजगारीको क्षेत्रमा सबै भन्दा बढी दलितहरुलाई समस्या परेको छ उहाहरुले राम्रो विद्यालय पढ्न आर्थिक स्थितिले नसक्ने अनी त्यो खुला प्रतिस्पर्धामा सबैले त्यो किसिमको क्षमता अभिवृद्धि गर्न नसक्ने भएकाले युवा स्वरोजगार अथवा स्वरोजगार हुने कुरालाई अलि बढी विस्तृत छलफलमा ल्याउनु पर्ने छ बाँकी यी सबै स्वास्थ्य सम्बन्धी अनि बजेट भाषण सम्बन्धी कुरा पनि यो भन्दा अगाडी माननीय सभामुखज्यूलाई म ध्यानाकर्षण गर्न चाहान्छु जति बेला हामीले संघीयता ल्याएका थिएनौ आउनु भन्दा अगाडीको व्यवस्थामा पनि महिला दलित तिरको बजेट लक्षिततिरको बजेट भनेर अलि अलि गाउँपालिका गाविस भन्थे त्यतिबेला आउथ्यो अहिले गाउँपालिकामा भनेजस्तो बजेट गाउँपालिकामा पनि नभएको र प्रदेशमा पनि त्यो किसिमको बजेट नभएका कारणले बजेटमा पनि त्यो अधिकारका हिसाबले व्यवस्थित गर्नु पर्ने देखिन्छ र यो महत्वपूर्ण विधेयक छ दलितहरुको क्षमता अभिवृद्धि गर्ने, सशक्तिकरण गर्ने र सबैको क्षमता समानताको सिद्धान्तको

हिसाबले पनि एकदमै ऐतिहासिक छ र बाँकी चाहि यो विषयगत समितिमा पठाएर व्यापक छलफल अगाडी बढाउनु पर्छ भन्ने कुरा राख्दै विदा हुन्छु धन्यवाद ।

**माननीय टेक बहादुर रैका आउजी**

माननीय सभामुख महोदय, यो दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेधो विधेयक, २०७७ प्रदेश सरकारले सामाजिक मन्त्रालय अन्तरगत जो सदनमा पेश गरेको छ यो स्वागतयोग्य छ र यसलाई म स्वागत पनि गर्न चाहान्छु । तीन बर्षको हाराहारीमा हामी पुगिसकेका छौं जातिय छुवाछुतको गण विकृतिर विसंगतिले भरिपूर्ण प्रदेश जुन ठाउँमा पानीमा छुवाछुत, सार्वजनिक स्थलमा छुवाछुत, देउताको मठमन्दीरमा छुवाछुत, सामाजिक स्थलमा छुवाछुत भएको प्रदेश हो र त्यो प्रदेशमा अहिले सम्म दलितका लागि के गर्दैं छ र त्यसैले आफ्नो विधी र प्रक्रिया कसरी अगाडी बढाउदै छ भन्ने कुरामा अन्य प्रदेशको पनि ध्यान यो प्रदेशतिर भएको हुनाले यो विधेयक स्वागतयोग्य छ यसलाई व्यापक छलफल गरेर बुदागत रुपमा गएर हामी नमूनाको रुपमा विज्ञ समुह बनाएर बसेर छलफल गरेर अगाडि बढाउने छौं । माननीय सभामुख महोदय, संविधानको धारा ४० मा प्रत्येक राज्यको अंगमा दलितहरुको समानुपातिक सिद्धान्तको आधारमा जो हक लेखेको छ पक्कै पनि यो ७ वटा प्रदेशमा हामीले स्थानीय सरकारमा वडामा दलितहरुको उपस्थिति देखिया छ प्रदेशमा दलितहरुको हाम्रो उपस्थिति देखिएको छ अन्य राज्यको संरचनामा समानुपातिक सिद्धान्तको आधारमा दलितहरुलाई राखेको छैन उदाहरणका लागि यही प्रदेशमा सरकारमा दलितहरुको उपस्थिति छैन । ७ वटा प्रदेशमा बल्ल तल्ल प्रचण्डका भागबाट परेको हिस्सामा एउटा तिलक परियारज्यूलाई प्रदेश प्रमुखमा राखिएको थियो नजाने के सिल्ली चढ्यो अहिलेको प्रधानमन्त्रीलाई दलितलाई प्रदेश प्रमुख बनाउनु हुदैन भन्ने भावनाको विकास भो त्यो पनि खोसेर लगेर गइदियो यस्तो सरकारको सामन्तवादी चरित्र भएको बेलामा दलितहरु उल्झेलमा परेका छौ तहस नहस भएका छौ हामी २०२१ सालमा राजा महेन्द्रले गरेको दिवसमा पनि दलितहरुले मनाउदै आएका हुन पञ्चले पनि दलिलाई ठग्दै गएका हुन मुलुकी ऐनको दफा १० मा लेखिएको थियो परम्परागत सनातन धर्ममा कसैले हस्तक्षप नगर्नु पर्ने छुवाछुत त हामीले लेख्या छौ आफ्ना धर्ममा त्यही धर्म भजाएर हामीले छुवाछुत सहेका हौ । २०४६ सालको जनआन्दोलनले केही अधिकार दियो कागजमा दियो व्यवहारमा लागु हुन सकेन । २०६२/०६३ सालको जनआन्दोलनले दिएको अधिकारहरु, नेपालको संविधानले दिएका अधिकारहरु अहिले सम्म कानून बनेर व्यवहारमा लागु बनेका छैनन र सम्पूर्ण दलित साथिहरुलाई म निबेदन गर्न चाहान्छु यसै सभाबाट माननीय सभामुखज्यू मार्फत प्रदेश सभाका माननीयज्यूलाई पनि म निबेदन गर्न चाहान्छु कागज लेखेर मात्रै भुल्नेवाला होइन हामीले यो दुइ बर्षको तरमियानमा दलितको पक्षमा र दलितको विपक्षमा कुन मान्छेले के कति काम गर्या छ भनेर दलितले त्यसरी मुल्याकंन गर्या छ । दलितले आफ्ना कुराहरु प्रष्ट रुपमा राख्न नसक्ला तर त्यसको भावना अन्तर आत्माले म पीडित छु म मानवको नाताले बाच्न पाएको छैन मानव सरह उठ्न पाएको छैन बोल्नु भएको छैन त्यो जो अन्तर आत्मा जलन छ त्यसलाई चाहि समाजमा नभने पनि उसले मान्छेलाइ चिनि सक्या छ त्यसैले यो प्रदेशले सामाजिक विकास मन्त्रालयबाट जो दलित सशक्तिकरण विधेयक दर्ता भएको छ यो महत्वपूर्ण विधेयक छ यसलाई व्यापक छलफल गरेर दलित प्रति आस्थावान राख्ने गैरदलितहरुका विज्ञहरु पनि हामी यसमा बोलाउने छौ दलित साथिहरुका विज्ञलाई

पनि बोलाउने छौं र नमूना रुपमा यो विधेयक बनेर एउटा सुदूरपश्चिम हाम्रो प्रदेशको दलित सम्बन्धमा ल्याइएको विधेयक नमूना बनेको छ र हाम्रो प्रदेशको नमुनालाई अन्य प्रदेशले पनि सिकुन सिक्नेछन् भन्ने कुरा राख्दै विदा हुन्छु हवस त धन्यवाद

**माननीय देवकी मल्ल**

सभामुख महोदय, दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न जो विधेयक टेबुल भएको छ । प्रदेश सरकार सामाजिक विकास मन्त्रालयलाई धन्यवाद दिन चाहान्छु । यो विधेयक टेबुल हुनुमा आफैमा अलिकति ढीला भए पनि यो जरुरी थियो । समाजको नेपाली समाजको उत्पादनको सक्ति दलित समुदाय हिजो देखि आज सम्म राजनितिक हिसाबले पनि अधिकार विहीन, आर्थिक हिसाबले पनि सोषित, सामाजिक हिसाबले पनि अपहेलित, साँस्कृतिक हिसाबले पनि अपहेलीत दलित समुदायलाई जो यो विन्दुमा आइपुग्दा सम्म नेपालको २०२० सालको मुलुकी ऐन देखि २०४७ सालको संविधान देखि अहिले सम्मका दलित सम्बन्धमा बनेका ऐन कानूनहरु साच्चीकै भन्नु पर्दा दलित मुक्तिका लागि वा समाजमा रहेको एउटा कलंक मानव जातिका लागि यो समाजमा एउटा कलंकको रुपमा रहेको भेदभाव, छुवाछुत, विभेद जो छ यसको अन्त्यका लागि विभिन्न खालका राजनितिक आन्दोलनहरु पनि भए र विभिन्न संघ, संस्थाहरु समुहहरु एन्जियो, आइएन्जियोहरु लगायतले पनि धेरै कोसिस गर्यो तर खासै नतिजामुखी परिणाम त्यो आउन सकिराखेको छैन त्यो विभिन्न खालका विकृतिहरु, कुकृतिहरु त्यस्तै राज्य सत्ताका अंगहरुमा पनि दलितको उपस्थिति अड्डा, अदालत, सेना, प्रहरी, संसद, सरकार ऐन कानून लगायतका यावत विषयहरुमा दलितको अर्थपूर्ण सहभागिता समाजका ग्रामिण इलाकामा रहेका विभिन्न ठाउँमा त्यो समुदायलाई अझै दलित भित्रको पनि सबै हिसाबले चौतर्फि हिसाबले उत्पीडित दलित महिलाहरुलाई कसरी हामीले साच्चीकै समाजको मुलधारमा, राज्यको मुलधारमा र आर्थिक हिसाबले स्तरोन्नती कसरी गर्ने बडा मतलब सोच्ने विषय छ अहिले एकदमै सोचनिय विषय छ । हामी समृद्धिको लागि, उन्नत समाजको लागि, उन्नत प्रदेशको लागि जो अगाडी हिडिराखेका छौं र अगाडी बढी राखेका छौं र यो विन्दुमा आइसकेका छौं त्यो समुदायलाई २० प्रशेन्ट समुदायलाई कसरी हामीले साच्चीकै नयाँ तरिकाले अगाडी बढाउन सक्छौं बनेका नियम कानूनहरु व्यवहारमा हाम्रा सोचमा जो अकरमन्यीयता छ एक हिसाबले अकरमन्यता छ जसको घर खोज्ने कुराहरु, घर भाडामा लिने कुरा देखि समाजमा कुनै विकृतिका विरुद्ध लड्ने कुराहरु देखि लिएर हरेक सवालमा अकरमन्यता छ अझै कन्फ्यूज छ हाम्रा सोचहरु अझै बदलिन सकिराखेका छैनन सबै तहमा प्रशेन्टका हिसाबले कम बढि होला त्यो हुन सकिराखेको छैन यो गरिमा जो प्रदेश सरकारले यो विधेयक ल्याएको छ टेबुल गरेको छ यो विधेयकको मनसाय राम्रो छ यो मोटामोटी हेरियो धेरै राम्रो छ यो प्रदेश भरी यो दलित समुदायलाई त्यो समुदायलाई माथि उठाउनका लागि त्यो समुदाय प्रति गरिने विभिन्न खालका व्यवहारहरु विभिन्न खालका फरकहरुलाई हरेक क्षेत्रमा सशक्तिकरण ल्याउनका लागि दलित समुदायलाई व्यवसायसँग जड्ने दलित समुदायलाई उत्पादन सँग जोड्ने आर्थिक आय आर्जन सँग जोड्ने र अधिकारका क्षेत्रमा पनि त्यो किसिमले सम्मानजनक सहभागिता गराउने अर्थमुलक सहभागिता गराउनका लागि यो विधेयक तयार गर्नु भएको छ यो विधेयक फेरी समितिमा जाला दफावार छलफल होला अझ पूर्ण भएर आउला साच्चीकै यो प्रदेशको दलित आन्दोलनलाई, दलित मुक्तिलाई अगाडी बढाउनका लागि साच्चीकै यो समाज

समानतामुलक समाज बनाउनका लागि यो विधेयकले काम गर्ने छ यो अपेक्षा गर्दै म मेरा भनाई यही अन्त्य गर्छु धन्यवाद ।

**माननीय दुर्गा कुमारी कामी**

माननीय सभामुख महोदय, प्रत्येक बर्ष मार्च २१ तारिखका दिन जातिय भेदभाव उन्मुलन सम्बन्धी अन्तराष्ट्रिय दिवसहरु मनाउने गरिएको छ । त्यो दिवस हिजो मार्च २१ गतेका दिन नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइएको छ । सुदूरपश्चिम प्रदेशमा पनि विभिन्न कार्यक्रम विहानका प्रभातफेरी देखि लिएर सशक्तिकरण र अधिकार सुनिश्चितका नाराहरु लिएर विभिन्न कार्यक्रमहरु मनाईराखिएको छ । आज पनि त्यसै सन्दर्भ पारेर एउटा कार्यक्रमको आयोजना गरिएको छ म यो दिवसको अवसरमा मनाउने कार्यक्रमहरु र दलित मुक्ति आन्दोलनमा अग्रणी भूमिका खेल्नु हुने अग्रज आदणीय व्यक्तित्वहरु प्रति म हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु । यो दिवस सफल र सार्थक बनोस भनेर हार्दिक हार्दिक शुभकामना व्यक्त गर्न चाहान्छु । माननीय सभामुख महोदय त्यसपछि सुदूरपश्चिम प्रदेश सरकार विशेष गरेर सुदूरपश्चिम प्रदेश अझ विभेदको प्रदेश भनेर चिनिने गरेको छ यो हामीले महसुस गरेको हो र हामी प्रदेशबाट अन्य प्रदेश अथवा राजधानीतिर गएको अवस्थामा ए सुदूरपश्चिम हो तपाईको घर सुदूरपश्चिममा त धेरै विभेद छ है त्यहा त छुवाछुत त अचम्म छ छाउपडी लगायतका विभिन्न खालका विभेदका कुराहरु त्यहा त एकदमै ठुलो छ रे भनेर सुनाउनु हुन्छ मुटु चिरिएर आउछ यो सबैको हो हाम्रो मात्र होईन भन्ने यसो हेर्दा खेरि दलित समुदायबाट प्रतिनिधीत्व गर्ने व्यक्तिहरुलाई मात्रै हो कि भन्ने भनेर त हामी एकतिर त खुशी भए जस्तो पनि लाग्छ तर यो पीडाले, यो मुद्दाले, यो सवालले सिंगो राष्ट्रलाई, सिंगो प्रदेश र हाम्रो विकासलाई अवरोध गर्ने चाहि यो एउटा माध्यम हो भन्ने महसुस गर्न जरुरी छ । त्यसैले हाम्रो सीरहरु निहुरिन्छ त्यसो भएको भएर म सामाजिक विकास मन्त्रीज्यूलाई धन्यवाद दिन चाहान्छु । यो महसु गरेर सुदूरपश्चिम प्रदेशलाई अब विभेदको प्रदेश होइन कि सबै प्रकारका विभेद अन्त्य गरिएको एउटा प्रदेशको रुपमा घोषणा गर्ने जमर्को लिनु हुने छ र त्यसै सन्दर्भमा यो दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक टेबुल गर्नु भएको छ म माननीय मन्त्रीज्यूलाई हार्दिक हार्दिक धन्यवाद दिन चाहान्छु । माननीय सभामुख महोदय यो विधेयकमा दफावार छलफल भनिएको छैन मलाई दिएको समय सैद्धान्तिक छलफलको लागि हो यो विधेयक म दफामा नगएर यो विधेयकको आवश्यकता, औचित्य किन छ भन्ने कुरालाई मात्रै यहा राख्न चाहान्छु राख्ने अनुमति माग्न चाहान्छु । सुदूरपश्चिम प्रदेश सरकारले विभिन्न खालका कार्यक्रमहरु पनि ल्याएको छ । नीति तथा कार्यक्रममा राम्रा सुनौला खालका नाराहरु ल्याएको छ तर ती नाराहरु चाहि अब कार्यान्वयनमा त्यसको परिणाम के आयो भनेर हेर्ने बेला भएको छ त्यसो भएको भएर यो देश संघीयतामा गएको छ राज्यको संरचनाहरु परिवर्तन भा का छन् । संघीयता आए भन्दा पछिको अवस्था के छ भनेर मुल्यांकन गर्नुपर्ने बेला आएको छ यसो हेर्दा मैले एउटा सानो एउटा न्यूजमा आएको कुरा हो एउटा कुनै संस्थाले यो रिसर्च गरेको हुनुपर्छ संघीयता आइसकेपछि दलित समुदायको अवस्था के छ भनेर सिंगो अवस्थाको बारेमा त यो रिसर्च गरेको छैन तर पनि एउटा मिडियाले लेखेको छ दलित समुदाय, जातिय छुवाछुत र विभेदका घटनाहरु प्रहरीमा दर्ता भएका घटनाहरुको अवस्थालाई हेर्दा खेरी संघीयता नआउनु भन्दा अगाडि र यो संघीयता आइसकेभन्दा पछिको अवस्था के छ भनेर लेखेको मैले एउटा पत्रिकामा देखेको

थिए यो साहेद दर्ता भएको प्रहरी कार्यालयमा दर्ता भएका घटनाहरुको संख्यामात्रै लिएर यसो गरेको हुनुपर्छ यो संघीयता भन्दा पछिको अवस्थालाई हेर्दा खेरी २०७०/०७१ मा दलित समुदाय माथि छुवाछुतका घटनाहरु, दर्ता भएका केसहरु हेर्दा खेरी १४ रहेछन् त्यस पछि ०७१-०७२ मा १०, ०७२/०७३ मा १९, ०७३/०७४ मा १८, ०७४/०७५ मा १८, ०७५/०७६ मा ४३ यहा देखि चाहि संघीयता आइसकेपछि विभेदका घटनाहरु चाहि यहादेखि चरम उकालो लागेको छ । ०७६/०७७ मा २३ र ०७७/०७८ मा हेर्दा खेरी २४ ओटा यी चाहि दर्ता भएका र प्रक्रियामा अगाडी बढेका केसहरु मात्रै हुन तर दर्तै नभएका अन्याय भएको छ घटना घटेको छ तर निबेदन नलिएर दर्ता नगरिदिएका त त्यो असंख्या छन् त्यसको चाहि यहा हिसाब किताब गर्न सकिदैन त्यसो भएर यहा संघीयता आइसकेपछि देशको व्यवस्था त परिवर्तन भयो तर अवस्था चाहि अझ विग्रीदो हो कि भन्ने कुराहरु यसले चाहि संकेत गर्दछ । त्यति मात्रै होइन माननीय सभामुख महोदय नेपालको संविधानका धाराहरु पढ्ने हो भने साच्चीकै नेपालको संविधान विश्वकै उत्कृष्ट संविधान भनेर व्याख्या गरिएको छ व्याख्या गर्नु हुन्छ कानूनको व्याख्याताहरुले व्याख्या गर्नुहुन्छ । न्यायमूर्तिहरुले साच्चीकै सबै समुदायको विशेष गरेर दलित समुदायको, महिलाहरुको अधिकारहरु चाहि यो संविधानले सुनिश्चित गरेको छ भनेर भन्नु हुन्छ हामीले पनि यसो हेर्दाखेरी धाराहरु पढ्दा खेरी चाही सबै अधिकार साच्चीकै यो अधिकार लागु हुने हो भने संविधानलाई नै कार्यान्वयन गर्ने हो भने हामीले अहिले थप आन्दोलन गर्नुपर्ने अवस्था त रहेनछ भन्ने कुराहरु चाहि त्यो धारा जोले पनि पढ्दा खेरी प्रष्ट हुन्छ तर व्यवहार त त्यो कार्यान्वयन भएको छैन धारा ४० को कुरा गर्नुहोस, धारा ४२ को कुरा गर्नुहोस, ४१ को कुरा गर्नुहोस हामी हाम्रा संरचना र हाम्रो नेपालमा हाम्रो सुदूरपश्चिम प्रदेशमा त्यो कहानिर लागु भएको छ यो हामीले मुल्यांकन गर्नेबेला भएको छ यहा चाहि हामीले हेर्नेबेला भएको छ । हामीले प्रतिनिधित्व कुरा गर्या छौ नेपालको संविधानले समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरेको छ यो संविधानको प्रस्तावना मै उल्लेख गरिएको कुराहरु छ तर हामीले बनाउने कानून, हामीले बनाउने नीति, हामीले बनाउने कार्यविधी र हामीले बनाउने नीति कार्यक्रममा यसको महत्व, यसको वइट त्यहा छ कि छैन भन्ने कुराहरु चाही महत्वपूर्ण छ त्यो चाहि मैले यहा भन्दा खेरि अलिकति मिलाएर भनेको अलिकति फुलबुट्टा भरेर अथवा अलिकति आलोचना गरेर भनेको कुराहरु हुन सक्दैन किन भने यो छरलंङ्ग देखिएको छ मैले यो आलोचनाको रुपमा र यो अलिकति फुलबुट्टा भरेर फुरकाउने हिसाबले भनेको छैन सबैले मुल्यांकन गरेका छन् सबैले देखेको कुरा छ । त्यसो भएको भएर जब दलित समुदायको अधिकार सुनिश्चित गर्ने हामीले लक्ष्य लिन्छौ हामीले त्यसमा चाहि जिम्मेवार छौ हामी पार्टी हाम्रा सम्पूर्ण पार्टीहरुको घोषणा पत्रमा हाम्रा सवालहरु चाहि समावेशी, समानुपातिक विशेष गरेर महिला र दलित पछाडि पारिएको बर्ग समुदायको हित गर्ने र राज्यको मुलधारमा ल्याउने भन्ने कुराहरु चाहि सबै पार्टीको घोषणा पत्रले सम्बोधन गरेको छ तर ती पार्टीका घोषणा पत्र हामीले पल्टाएका छौ कि छैनौ अघि पनि माननीय टेक बहादुर रैका माननीयज्यूले यहा भनीसक्नु भा को छ सरकार बनाउदा खेरी संविधानले भनेको छ समावेशीको आधारमा बनाउनु पर्छ भनेर भनेको छ हामीले के जवाफ दिने मैले यो कसैको आलोचना गरेको होईन यो हामी त्यो ठाउँमा हामी सरकार सत्ता जहा छौ जुन पार्टीमा छौ जुन ठुलो पार्टी कम्प्यूनिष्ट पार्टी छ त्यहा हामीलाई प्रश्न गरेपछि के हो यसको जवाफ दिनु पर्ने हामीले आलोचना गर्नुपर्ने,

हामीले विरोध गर्नुपर्ने भन्ने कुराहरु हाम्रो अधिकार कहा गयो त त्यसो भए त्यो समुदायको प्रतिनिधीत्व यहा गर्दै छु त्यसो भए दलितको मात्रै कुरा गर्नको लागि दलित समुदाय मात्रै हो भन्ने कुराहरु तर अल्पमतमा परिन्छ निर्णायक हुदैन अस्थत्व स्वीकारिदैन जब सम्म अस्थित्व स्वीकारिदैन अपमान हुन्छ अपमान कसैलाई पनि सैह्य हुदैन हामी अरुलाई भन्छौ तानासाही हुनु हुदैन भनेर भन्छौ नेतृत्व तानासाही भयो भने हामीलाई पाच्य हुदैन तर हामी भित्रको तानासाही प्रवृत्ती हामीले हटाउने कि नहटाउने त्यसो भएको भएर यतातिर हेर्न जरुरी छ । मैले प्रतिनिधित्व कुराहरु गरे यो प्रदेश सभामा ५३ जना माननीय सदस्यज्यूहरु मध्ये ६ जना माननीय सदस्यहरु यो समुदायको प्रतिनिधित्व गर्दछौ तर हाम्रो यो समुदायको प्रतिनिधित्व गर्ने अस्थित्व कहानिर स्वीकारेको छ भन्ने कुरा महत्वपूर्ण हो । अहिले जनप्रतिनिधीहरुमा प्रत्यक्ष उम्मेदवार चाहि कतिवटा हामीले स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारमा हामीले सहभागिताको कुरा गर्ने हो भने कति प्रत्यक्ष रुपमा चाहि दलित समुदायका व्यक्तिहरुलाई उम्मेदवार बनाएर चुनाव जितायौ त्यो कुराहरु चाहि हामीले हेर्न जरुरी छ जिताई राखेको ठाउँमा पनि हामीले सरकारका संरचना र हामीले कार्यनीतिमा, कार्यविधीमा चाहि हाम्रो दलित समुदायको हितका लागि हाम्रा कार्यनीतिहरु बने की बनेनन भन्ने कुराहरु छ अहिले प्रतिनिधित्व गरिराखेका मध्येमा पनि अघि भनी सक्नु भा को छ एउटा प्रदेश प्रमुख दलित समुदायको हुनुहुनथ्यो तिलक परियार उहालाई सबै भन्दा पहिला उहालाई बर्खास्त गरिएको छ के कारणले र किन उहालाई बरखास्त गरियो अरुलाई बरखास्त गर्न नपर्ने र तिलक परियार दलित भएकै कारणले बरखास्त गर्नुपर्ने अनि त्यति मात्रै होईन अस्थि मात्रै माननीयज्यूले यहा कुरा उठाउनु भा को छ बेदकोटमा एउटा वडाको अध्यक्ष कति वडामा कस्ता खालका यति अराजक यति शासक वडा अध्यक्ष छन् जो आफ्नो काम, कर्तव्य र अधिकारबाट बाहीर गएका छन् जो एउटा सामान्य नागरिकताको सिफारीस समेत दिदैनन वडा अध्यक्ष आफ्नो कर्तव्यलाई विर्सिरहेका छन् ती वडा अध्यक्षहरुलाई केही हुदैन तर त्यो वडा अध्यक्षलाई कुटपिट गरेर कानून मिचेर कानूनलाई हातमा लिएर कुटपिट गरिएको त्यसो भएको भएर प्रतिनिधित्व गर्ने जहा प्रतिनिधित्व गराएको छ जुन ठाउँमा चाहि जुन भूमिकामा हुनुहुन्छ त्यो भूमिकामा कुसलतापूर्वक कार्य संचालन गर्न दिइएको छैन । अस्थित्व स्वीकारिएको छैन अपमान यहा भित्र पनि छ यहा भन्दा बाहिर मात्रै खोज्ने कुराहरु छैन तल समुदायको स्थिति के होला भन्ने कुरा अपमान कसैलाई सैह्य हुदैन त्यसो भएको भएर म अन्तिममा अन्तत यो विधेयकले यस्ता खालका अपमान खालका व्यवहारहरु हुने छैनन र अपमान गर्ने, छुवाछुत गर्ने यस्ता यी प्रवृत्तीहरुलाई अन्त्य गर्ने दण्ड सजाय देखि लिएर शिक्ष, रोजगारका कुराहरुलाई चाहि यसले टेवा पुर्याउने छ र यो विधेयक चाहि दफावार छलफलका लागि विषयगत समितिमा जाने छ र विषयगत समितिमा फेरी दफावार छलफलमा विषयगत विज्ञहरु र अन्य यसमा चासो राख्नुहुने अन्य माननीयज्यूहरु दलितको हितको लागि सधै बोलीराख्ने जुन माननीयसदस्यहरु हुनुहुन्छ उहाहरुले पनि यसमा भाग लिएर अझ राम्रो परिस्कृत बनाएर यसलाई लागु हुने गरेर न्याय हुने गरेर यो विधेयक पारित हुनेछ भन्ने कुराको अपेक्षा गर्दै विदा हुन्छु धन्यवाद अभिवादन

**माननीय सदस्यहरु,**

**"दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथिको सामान्य छलफलमा बोल्ने समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई **"दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

माननीय सभामुख महोदय दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक६ माथि २०७७ , जना माननीयज्यूहरुले आफ्ना धारणा प्रस्तुत गर्नु भो सुदूरपश्चिमको परिवेस, सुदूरपश्चिमको अवस्था , सुदूरपश्चिमका क्षेत्रमा बसोबास गर्ने दलित दाजुभाइ दिदीबहिनीहरुलाई हेर्ने दृष्टिकोणका विषयमा बडा महत्वपूर्ण असाध्यै गहकिला विचारहरु राखु भो मन्दीरमा छुवाछुत छसार्वजनिक ,पानिमा छुवाछुत छ , स्थलमा छुवाछुत छ ती आफ्ना पीडा र बेदना यहा व्यक्त गर्नु भो पक्कै पनि सुदूरपश्चिममा अरु प्रदेश पछि बढी छ .नं २ भन्दा नेपालका सात वटा प्रदेश भन्दाुवाछुत मान्ने प्रदेशका रुपमा हाम्रो प्रदेशलाई हेरिन्छ यो प्रदेशबाट यस्ता कुरितीकुप्रथा र नराम्रा चालचलनलाई हटाएर सभ्य समाज ,कुसस्कार , धर्मसंस्कृति मान्ने सबैको ,भाषाभाषी ,निर्माण गर्नक लागि प्रदेश सरकारले यो क्षेत्रमा बस्ने सबै जातजाती अधिकार सबैको राज्यसँग पहुच होस भन्ने उद्देश्यका साथ यो दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सरकारले हिजो २१ मार्च ५६औ अन्तराष्ट्रिय जातिय विभेद उन्मुलन दिवसको शुभअवसर पारेर टेबुल गरेका छौ मलाई विश्वास छ यो विधेयक पारित भैसकेपछि सुदूरपश्चिम प्रदेशबाट हामी जातिय विभेद गर्नेजातिका हिसाबले हेर्ने त्यो दृष्टिकोण भएका मानिसलाई ,जातिय छुवाछुत गर्ने , ५ कानूनको दायरामा ल्याएर कानून मार्फत उपचार गर्न सकिने यो विधेयकले लगेको छ । परिच्छेद वटा भएको यो विधेयकमा केही आजै पनि माननीयज्यूहरुले सुझाव दिनु भएको छ यो २१ वटा दफा आफैमा पुर्ण नहुन सक्ला अब यसलाई अझ फेरी यो सँग सरोकार राख्ने विज्ञ साथिहरुसँग हाम्रा प्रदेश सभाका विद्वान धेरै माननीयज्यूहरुका अमूल्य सूझाव आउने छन् । हामी यसलाई हाम्रो प्रदेशको आवश्यकता प्रदेशले लिने नीतिलाई अंगिकार गर्दै माननीयज्यूका अमुल्य सूझावलाई पनि ग्रहण गर्दै यो विधेयकलाई अझै पूर्ण बनाउने प्रतिबद्धताका साथ अमुल्य सुझाव दिनुहुने माननीयज्यूहरुलाई धेरै धेरै धन्यवाद दिदै विदा हुन्छु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म, सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई**दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था "**

**"द्दण्ठठ ,बनेको विधेयक गर्न**लाई दफावार छलफलको लागि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम सामाजिक विकास समितिमा पठाईयोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम १ को खण्ड (ख) बमोजिम दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ लाई दफावार छलफलका लागि सामाजिक विकास समितिमा पठाईयोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरु,**

अब म ,सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीले पेश गरेको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ"भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले भन्नुहोला "हुन्न" ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **दलित"सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"द्दण्ठठ ,** लाई दफावार छलफलको लागि सामाजिक विकास समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**दलित"सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक "द्दण्ठठ ,**माथिको आजको कारबाही यही समाप्त हुन्छ । अर्को वैठक मिति २०७७ साल चैत्र १२ गते बिहिबार दिउँसो १ ण्ण्:बजे बस्ने भएकोले उक्त समयसम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु ।